नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वातावरण विभाग

## वायु प्रदुषण सम्बन्धी वातावरण विभागको अपिल
मिति २०८२ कार्तिक २५

जाडो महिनाको सुरुवातसँगै वायु प्रदुषण पनि क्रमिक रुपमा वृद्धि हुने गर्दछं । वायु प्रदुषणबाट मानव स्वास्थ्यमा प्रतिकूल असर पर्दछ। विशेषगरी वृद्धवृद्धा, बालबालिका, श्वासप्रश्वास, मुटु रोगी, दीर्घरोगी साथै गर्भावस्थाका महिला यसबाट बढी प्रभावित हुने भएकोले यस्तो बेला विशेष सावधानी अपनाउन वातावरण विभाग हार्दिक अपिल गर्दछ।

तसर्थ खुला आकासमा फोहर बाल्ने, (ताप्ने नगर्न), कृषि अवशेष नजलाउन (नबाल्न), प्लाष्टिकजन्य फोहर नजलाउन, पेट्रोलियमजन्य पदार्थ, कोइला लगायतका उर्जा श्रोतको मितब्ययी प्रयोग गर्न, निर्माण कार्य गर्दा, गराउँदा धुलो नियन्त्रणका यथासम्भव सबै उपाय अपनाउन, प्रदुषण उत्सर्जनका अन्य स्रोतको विवेकपुर्ण उपयोग गर्न अनुरोध गर्दछ। वायु प्रदुषण रोकथाममा आम समुदाय सचेत भई नियन्त्रणको लागि सरोकारवाला निकायसँग हातेमालो गर्दै न्यूनिकरणमा सहयोग गर्न सबैमा विभाग हार्दिक अपिल गर्दछ ।